नेपाल सरकार
# शिक्षा मन्त्रालय
## शिक्षा विभाग
## प्राविधिक तथा व्यावसायिक शिक्षा शाखा
सानोठिमी, भक्तपुर

नेपाल सरकार शिक्षा विभाग सानोठिमी, भक्तपुर

प.सं.:- ०७३/०७४ (४.११)
च.नं.:- 28

फोन : ६-६३८८५३
फ्याक्स : ६-६३५११३
मिति : २०७४/०१/०३

श्री जिल्ला शिक्षा कार्यालय

७५ वटै ।

विषय : निर्देशन सम्बन्धमा ।

कक्षा ९ देखि १२ सम्मको प्राविधिक धारतर्फको कार्यक्रम सञ्चालन गर्ने सामुदायिक विद्यालयहरुको व्यवस्थापन सम्बन्धमा तपसिल अनुसार गर्न गराउन मिति २०७३।११।३० गतेको केन्द्रिय निर्देशक समितिको निर्णय समेतको आधारमा निर्देशन अनुसार अनुरोध छ ।

तपसिल

**क) शिक्षक, प्रशिक्षक र सहायक प्रशिक्षक व्यवस्थापन सम्बन्धमा :**

निम्न अनुसारको अनुदान प्रदान गर्ने निर्णय भएको

**कक्षा ९ सञ्चालन गर्न**
- प्रशिक्षक ( सम्वन्धित विषयमा स्नातक तह) – १ जना
- सहायक प्रशिक्षक ( प्राविधिक ३ वर्षे डिप्लोमा वा सो सरह ) - १ जना

**कक्षा १० सञ्चालन गर्न**
- प्रशिक्षक ( सम्बन्धित विषयमा स्नातक तह ) – १ जना
- सहायक प्रशिक्षक ( प्राविधिक ३ वर्षे डिप्लोमा वा सो सरह ) - १ जना

**कक्षा ११ सञ्चालन गर्न**
- विज्ञान शिक्षक ( सम्वन्धित विषयमा स्नातकोत्तर ) - १ जना
- प्रशिक्षक अनुदान ( सम्वन्धित विषयमा स्नातकोत्तर / स्नातक) - १ जना

**कक्षा १२ सञ्चालन गर्न**
- विज्ञान शिक्षक (सम्वन्धित विषयमा स्नातकोत्तर ) - १ जना
- प्रशिक्षक ( सम्बन्धित विषयमा स्नातकोत्तर / स्नातक) - १ जना



Scanned by CamScanner

नेपाल सरकार

# शिक्षा मन्त्रालय

## शिक्षा विभाग

## प्राविधिक तथा व्यावसायिक शिक्षा शाखा

सानोठिमी, भक्तपुर

प.सं.:- ०७३/०७४ (४.११)

च.नं.:-

फोन : ६-६३८८५३

फ्याक्स : ६-६३५११३

मिति : २०७४/०१/०३

उपर्युक्त बमोजिमको शिक्षक, प्रशिक्षक र सहायक प्रशिक्षक नियुक्ति गर्न बाँकी रहेका र नयाँ सञ्चालन अनुमति प्राप्त विद्यालयहरुले प्रशिक्षक,सहायक प्रशिक्षक र प्रशिक्षण सहायक नियुक्ति गर्दा देहाय अनुसार गर्ने व्यवस्था मिलाउनुहुन ।

१. तोकिए बमोजिम पदहरुमा करारमा नियुक्ति गर्न विद्यालयहरुको माग अनुसार जि.शि.का.ले अनुमति प्रदान गर्ने ।
२. अनुमति प्राप्त गरेपछि शिक्षा नियमावली २०५९ (संशोधन सहित) नियम ९६ "क" बमोजिम शिक्षक छनौट समिति गठन गर्ने ।
३. शिक्षक छनौट समिति गठन गर्दा प्राविधिक विषयको विज्ञ रोष्टरमा समावेश नभएकाले एक जना सम्बन्धित विषयको (कम्तीमा सम्बन्धित विषयमा स्नातक तह पास गरेको ) विज्ञलाई रोष्टर सदस्यको रुपमा मनोनयन गर्ने ।
४. प्रशिक्षक, सहायक प्रशिक्षक र प्रशिक्षण सहायकमा शिक्षक लाइसेन्स आवश्यक पर्ने छैन ।
५. शिक्षक छनौट समितिले छनौट गरेको व्यक्तिलाई व्यवस्थापन समितिले एक शैक्षिक सत्रको लागि करारमा नियुक्त गर्ने ।
६. करारमा नियुक्ति दिएको जानकारी सहितको विवरण जिल्ला शिक्षा कर्यालयमा अनिवार्य रुपमा पेश गर्ने ।
७. करारमा नियुक्ति भएको जानकारी प्राप्त भए पछि जि.शि.का. हरुले प्रशिक्षक, सहायक प्रशिक्षकको तलव भत्ता र प्रति विद्यार्थी एकमुष्ठ अनुदान ( प्रशिक्षण सहायकको तलव पनि यसै शीर्षकबाट ) नियमानुसार विद्यालयमा उपलब्ध गराउने ।

### ख) कक्षा १० मा प्राविधिक धारतर्फको कार्यक्रम सञ्चालन अनुमति सम्बन्धमा :

कक्षा ९ मा प्राविधिक धारतर्फको कार्यक्रम सञ्चालनको अनुमति पाएर कक्षा सञ्चालन गरिरहेका विद्यालयहरुले कक्षा १० सञ्चालन गर्न विद्यालय व्यवस्थापन समितिको निर्णय सहित सम्बन्धित जि.शि.का.मा जानकारी गराउने र सो सम्बन्धी जानकारी सम्बन्धित जिल्ला शिक्षा कार्यालयले शिक्षा विभागलाई गराउने ।

### ग) कक्षा ११ मा प्राविधिक विषय सञ्चालनको अनुमति सम्बन्धमा :

शैक्षिक सत्र २०७३ मा कक्षा १० वा ११ सम्म प्राविधिक धारको कार्यक्रम सञ्चालन गरिरहेका विद्यालयहरुले कक्षा ११ वा १२ मा सो प्राविधिक विषय सञ्चालनको अनुमतिका लागि यस विभागबाट मिति २०७४।०१।०१ मा गोरखा पत्रमा प्रकाशित सूचनामा तोकिएको अवधि भित्र निवेदन दिई अनुमति लिने ।

### घ) विद्यार्थी भर्ना सम्बन्धमा :

१. प्राविधिक धार तर्फको प्रत्येक कक्षामा बढीमा ४८ जना सम्म विद्यार्थी भर्ना गर्न सकिने । अधिकतम संख्यामा विद्यार्थी भर्ना गर्न पहल गर्ने ।
२. विद्यार्थी भर्ना गर्दा आफ्नो विद्यालय बाहेकका आसपासका विद्यालयका विद्यार्थीले समेत भर्ना हुने अवसर पाउने गरी निवेदन गर्ने अवधि कम्तीमा १५ दिन तोकेर सार्वजनिक सूचना प्रकाशित गर्ने ।



Scanned by CamScanner

नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग
प्राविधिक तथा व्यावसायिक शिक्षा शाखा
सानोठिमी, भक्तपुर

शिक्षा मन्त्रालय
शिक्षा विभाग
सानोठिमी, भक्तपुर

प.सं.:- ०७३/०७४ (४.११)
च.नं.:-

फोन : ६-६३८८५३
फ्याक्स : ६-६३५११३
मिति : २०७४/०१/०३

३. भर्नाको लागि निवेदन दिने विद्यार्थीहरुको प्रवेश परीक्षा सम्बन्धी कार्यविधि विद्यालय व्यवस्थापन समितिले निर्धारण गरी प्रवेश परीक्षाको प्राप्ताङ्को आधारमा उच्च अंक ल्याउने मध्येबाट भर्ना लिने ।
४.प्रवेश परीक्षामा नेपाली, अंग्रेजी, गणित र विज्ञान विषयबाट २५/२५ प्रतिशतका दरले १०० पूर्णाङ्को लिखित परीक्षा लिने ।

ङ) प्रति विद्यार्थी अनुदान सम्बन्धमा :
विद्यालयलाई प्रति विद्यार्थी रु ११०००।- का दरले प्राप्तहुने अनुदान रकमबाट प्रशिक्षण सहायकको तलव भत्ता, कार्यगत तालिम ( OJT ) र शैक्षिक सामग्री व्यवस्थापन कार्यमा खर्च गर्ने ।

च) प्रयोगशाला व्यवस्थापन सम्बन्धमा :

१. प्रयोगशाला व्यवस्थापनका लागि निकासा भएको रकमबाट नियमानुसारको प्रक्रिया पुऱ्याई विद्यालयहरुले यथाशीघ्र प्रयोगशालाको लागि आवश्यक सामग्री खरिद गर्ने ।
२. सामग्री खरिद गर्दा प्रशिक्षक, सहायक प्रशिक्षक, विज्ञान शिक्षक समेतको राय सहयोग लिई विद्यालय व्यवस्थापन समितिको निर्णयबाट गर्ने ।

छ) संयोजक तोक्ने सम्बन्धमा :

प्राविधिक धार सञ्चालन तथा व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउन विद्यालयहरुले सम्बन्धित विषयक्षेत्रका भए सम्मको माथिल्लो योग्यता भएका मध्ये जेष्ठतम र समान योग्यता भएका भए सो मध्ये जेष्ठतम प्रशिक्षकलाई कार्यक्रमको प्राविधिक तथा शैक्षिक पक्षहरुको संयोजन गर्न संयोजक तोकी सो जानकारी जिल्ला शिक्षा कार्यालय मार्फत शिक्षा विभागको प्राविधिक तथा व्यावसायिक शिक्षा शाखामा पठाउने ।

ज) कार्यगत तालिम ( OJT ) सञ्चालन सम्बन्धमा :
१. कक्षा १० पछीको १ महिने कार्यगत तालिम ( OJT ) कार्यक्रम प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यगत तालिम ( OJT ) सञ्चालन कार्यविधि, २०७१ अनुसार सञ्चालन गर्ने ।
२. कक्षा १२ पछीको १ वर्षे कार्यगत तालिम ( OJT ) कार्यक्रमको लागि पाठ्यक्रम विकास केन्द्रबाट कार्यविधि तयारीको कार्य अन्तिम चरणमा पुगेको र सो स्वीकृत भए पछि सेही बमोजिम हुने ।

वोधार्थ
पाँच ओटै क्षेत्रीय शिक्षा निर्देशनालय
बजेट तथा कार्यक्रम शाखा, शिक्षा विभाग

0681912

हरिप्रसाद अर्याल
(उपनिर्देशक )



Scanned by CamScanner